स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी चैत ८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म "११:५५"को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक साढे तीन मिनेट लम्बाईको ट्रेलरमा विवाहेत्तर सम्बन्ध र सम्पत्तिका लागि भएको धोका, षड्यन्त्र र अपराधलाई केन्द्रमा राखिएको छ । फिल्मको कथा मध्यराति ११:५५ बजे घटेको एउटा घटनामा केन्द्रित रहेको ट्रेलरले प्रष्ट पार्छ ।

**आजको विचार...**



कर्मचारीको... *(दुई पेजमा)*

मेघ राज शंकर



यही फागुन २९ गतेबाट प्रदर्शन हुन लागेको फिल्म "आउट ल : दफा २१९"बाट अभिनेता सुशील श्रेष्ठले ५ वर्षपछि कमब्याक गरेका हुन्। यसमा उनी एक्सन भूमिकामा छन्। उनले ज्यानलाई जोखिममा राखेर समेत फिल्मका लागि दृश्य दिएका छन्। फिल्मका दुई दृश्यमा उनको शरीरको पछाडिको भाग र हातमा आगो बालिएको छ। यस्तो दृश्य उनले फिल्ममा पहिलो पटक दिएका हुन्। शरीरमा आगो बोलेको दृश्य फिल्ममा हेर्दा सहज लाग्ने भए पनि गर्न एकदमै गाह्रो रहेको सुशीलको अनुभव छ।

❒ वर्ष ३० ❒ अंक २२३ ❒ २०८१ फागुन २४ गते शनिबार 8 March 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# रङहरुको पर्व होली सुरु

## पालपामा यस वर्ष पनि गाडिएन चीर

**रामचन्द्र रायमाझी**

**पाल्पा, फागुन २३**/रङहरुको पर्व फागु अर्थात् होली शुक्रबारदेखि विधिवत रुपमा सुरु भएको छ । काठमाडौंको वसन्तपुरमा चीर ठड्याएसँगै देशैभर होली सुरु भएको हो । आपसी सद्भावका साथ एक सातासम्म यो पर्व मनाउने चलन छ ।

काठमाडौंको वसन्तपुरस्थित हनुमानढोका दरबारको गद्दी बैठकको दक्षिणतर्फ तीनतले चीर ठड्याएपछि देशभर फागु (होली) पर्व शुरु भएको मान्ने गरिन्छ । शुक्रबार बिहान ८:३३ बजेको शुभ साईतमा मानन्धर समुदायले रङ्गीचङ्गी ध्वजासहितको चीर ठड्याएर र एकअर्कालाई अबिर दलेर होली पर्व शुरु भएको जनाउ दिएका हुन् । योसँगै देशका मुख्य मुख्य सहरहरुमा समेत रङ्गीचङ्गी कपडा झुन्ड्याएर होली शुरु भएको जनाउ दिने गरिन्छ ।

**पाल्पामा यस वर्ष पनि गाडिएन चीर**

पाल्पामा पनि चीर ठड्याउने विगतमा थियो । जिल्लाको तानसेनस्थित टक्सारटोलमा २०७१ सम्म निरन्तर चीर ठड्याउँदै आए पनि अहिले त्यसले निरन्तरता पाउन सकेको छैन् । यहाँ परापूर्वकालदेखि नेवार समुदायले चीर ठडाएर फागु पूर्णिमाको पूजा गरी होलीको सुरुवात गर्ने परम्परा रहिआएको थियो । गणेश मन्दिरको मूलद्वार अगाडि रंगीचंगी धजाले सिंगारिएको चीर ठडाएपछि होली





पर्व सुरु भएको मान्ने गरिन्थ्यो । तर पछिल्ला वर्षहरुमा भने आर्थिक अभाव र नयाँ पुस्ताले चासो नदिदा यो परम्परा विस्तारै हराउँदै गएको छ । दुई वर्ष अघि ८ वर्षपछि टक्सारटोलमा तानसेन भजन संरक्षण समिति र देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानको सक्रियतामा जसो तसो चीर ठड्याइएको थियो । तर गत वर्षदेखि भने त्यसले निरन्तरता पाउन सकेनन् ।

परम्परागत संस्कृति हराउँदै जान थालेकोमा निकै चिन्ता थपेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउराली बताउन्छन् । उनले भने, 'पुरानो पुस्ता सकिदै जानु र नयाँ पुस्ताले परम्परागत संस्कृति संरक्षण गर्न नसक्नुले निकै चिन्तित छौँ ।' तानसेनमा नेवारहरुको बस्ती बसेदेखि नै होलीको अवसरमा चीर गाड्ने परम्परा रही आएको हो । पहिले-पहिले तानसेनको शित्तलपाटी, भिमसेनटोल, बसन्तपुर, टक्सारटोल लगायतका स्थानहरुमा चीर ठड्याइने गरे पनि आर्थिक अभाव र पुराना पुस्ताहरुको मृत्यु पछि विस्तारै हराउँदै गएको देउरालीले बताए । उजका अनुसार चीर गाड्ने काम पहिला अन्य टोलहरुमा भएता पनि पछि यो केवल टक्सारटोलमा मात्र सिमित भएको हो । ' चीर ठडाउन, भजन गाउँन र होली खेल्नका लागि आर्थिक स्रोत चाहिन्छ, त्यो स्रोत कहि कतैबाट आउँदैन, व्यक्ति आफैले खर्च गरेर कति दिन गर्ने ? पुराना पुस्ता शारिरीक रुपले अशक्त हुँदै गए, नयाँ पुस्तामा कुनै चासो छैन्, कसरी संरक्षण गर्ने ?' अध्यक्ष देउरालीले भने । चीर ठडाउन सक्रियता देखाउने व्यक्तिहरु मदन देउराली, मंगलप्रसाद बज्राचार्य लगायतका व्यक्तिहरु शारिरीक रुपमा अशक्त हुँदै गएका कारण पनि तानसेनमा चीर ठड्उने परम्पराले निरन्तरता पाउन सकेको छैन । होली पर्व असत्यमाथि सत्यको जितको रुपमा मनाउने गरिन्छ । चीर ठड्याइसकेपछि विधिवत रुपमा होली शुरु हुन्छ । लिंगको प्रतीकको रूपमा काठलाई र द्रौपतीको योनिको प्रतीकका रूपमा कपडाको प्वालमा जोडाएर होली सुरु भएको संकेत गर्ने गरिन्छ । यसलाई नेवारीमा चीर स्वाँयगु भनिन्छ । काठ लिंग आकृतिको हुन्छ भने रातो कपडाको योनिको आकृति बनाइएको हुन्छ । पर्व परम्पराअनुसार फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म मनाउने चलन छ । परम्पराअनुसार धुमधामसँग एकाआपसमा रंग, अबिर छ्यापी होली खेलेर वसन्तऋतुको स्वागत गर्ने चलन रहेको संस्कृतिविद्हरू बताउँछन् । पछिल्लो समय भने पूर्णिमाको दिन मात्रै होली मनाउने गरिन्छ ।

होली पूर्णिमाको भोलिपल्टदेखि वसन्तऋतु लाग्दछ । यसैले वसन्तऋतुको आगमनसँगै मनाइने यस पर्वलाई मदनोत्सव भन्ने पनि गरिन्छ । पौराणिक कथनअनुसार दानवराज हिरण्य कश्यपुले विष्णुका भक्त आफ्नै छोरा प्रह्लादलाई मार्न आफ्नी बहिनी होलिकाको काखमा बसाली आगो लगाइदिएका थिए । तर आगोले विष्णुका भक्त प्रह्लादलाई छोएन । बरु होलिका नै भस्म भइन् । यसरी होलिका रूपी पापवृत्ति जलेर भस्म भएको सम्झनामा प्रत्येक वर्ष फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको प्रतीक चीरदाह गर्ने परम्परा रहेको विश्वास गरिन्छ । यस वर्षको होली पर्वको मुख्य दिन फागुन २९ र १ गते परेको छ । २९ गते हिमाली तथा पहाडी जिल्लामा र १ गते तराई जिल्लामा होलीको सार्वजनिक बिदा दिइएको छ ।

## संक्षिप्त समाचार

### गोली हानाहानमा २२ जनाको मृत्यु

(रासस/एएफपी)

**गुयाक्विल, फागुन २३** /इक्वेडरको लागूपदार्थ तस्करी गिरोहका प्रतिद्वन्द्वी समूहहरूबीच बिहीबार हिंसात्मक बन्दरगाह सहर गुयाक्विलमा भिडन्त हुँदा कम्तीमा २२ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

सहरमा आन्तरिक झडपको शृङ्खलामा अन्य तीन जना घाइते भएका छन् । स्थानीय प्रहरीले विज्ञप्तिमा पहिले १२ जनाको मृत्यु भएको बताएको थियो । एक प्रहरी स्रोतका अनुसार गोली हानाहानमा लस टिगेरोन्स नामक गिरोहका विरोधी समूहहरू संलग्न थिए । उक्त गिरोह यस पहिले शान्तिपूर्ण देशमा सबैभन्दा शक्तिशाली गिरोहमध्ये एक हो । इक्वेडर लागुऔषध तस्करी, अपहरण र फिरौतीमा संलग्न अनुमानित २० आपराधिक गिरोहहरूको घर हो । यिनीहरूले विश्वको सबैभन्दा ठूला कोकिन उत्पादकहरू पेरु र कोलम्बियाबीचमा रहेको एक करोड ८० लाख जनसङ्खया भएको इक्वेडरमा विनाश मच्चाइरहेका छन् । पछिल्ला वर्षहरूमा इक्वेडर गुयाक्विल जस्ता बन्दरगाहहरू मार्फत संयुक्त राज्य अमेरिका र युरोपमा कोकिन पठाउने अन्तर्राष्ट्रिय कार्टेलहरूको द्रुत प्रसारको बीच हिंसामा डुबेको छ । उदाहरणका लागि हत्याको दर सन् २०१८ मा प्रति एक लाख बासिन्दामा छ बाट बढेर सन् २०२३ मा रेकर्ड ४७ पुगेको छ । विशेषज्ञहरूका अनुसार गिरोहहरू निरन्तर परिवर्तन भइरहेका छन् र अपराधबाट हुने मुनाफाले बलियो हुँदै गएका छन् । गुयाक्विल गुयास प्रान्तको राजधानी हो ।

**महिला अधिकारको सम्मान गरौं**

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं.
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं.
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# पाल्पामा डढेलो सचेतनाका लागि रेडियो संवाद

**पाल्पा, फागुन २३**/पछिल्ला केही दिन यता जिल्लाका विभिन्न ठाउँहरुमा डढेलोका घटनाहरु बढ्दै गएका छन् । बढ्दो घटनाहरुलाई रोक्न जिल्ला प्रशासन कार्यालय र डिभिजन वन कार्यालयले सक्रियता देखाएका छन् । उनीहरुले समुदायस्तरमा डढेलो लाग्न नदिने, लागेमा अपनाउनुपर्ने उपाय लगायतका विषयमा पत्रकार महासै पाल्पाको सहजीकरणमा रेडियो संवाद कार्यक्रममार्फत सचेतनामूलक जानकारी गराएका छन् ।

जिल्लामा सञ्चालित रेडियोहरुमा संवाद कार्यक्रममार्फत प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले लामो समयदेखि पानी नपरेर सुक्खा मौसम बढेसँगै हावाहुरी चल्न सुरु भएकाले डढेलोका घटनाहरु बढ्दै गएको भन्दै त्यसतर्फ सतर्क रहन जिल्लावासीहरुलाई आग्रह गरेका छन् । उनले भने 'मानिस आफै सचेत भए डढेलोका घटनाहरु कम




गर्न सकिन्छ, त्यसैले जथाभावी आगो बाल्ने नगरौं, सलाई लाइटर जस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।' डढेलो लाग्न नदिऊ र लागि हाले क्षति हुनबाट जोगिन आमनागरिकलाई प्रमुख जिल्ला अधिकारी सुवेदीले भने । उनले जिल्लामा हुने आगालागीका घटनाहरुबाट क्षति हुन नदिन सुरक्षाकर्मी, दमकल तयारी अवस्थामा राखिएको समेत बताए । प्रजिअ सुवेदीले जंगलमा आगो लगाउनेहरुलाई कानुनी कारवाही हुने भएकाले पनि त्यसतर्फ सचेत हुनुपर्नेमा जोड दिए । नागरिकको लापरवाहीकै कारण डढेलोका घटनाहरु हुने भएकाले समुदायस्तरबाटै सचेतना आवश्यक रहेको उनको भनाई छ ।

डिभिजन वन कार्यालयका प्रमुख नारायणदेव भट्टराईले वन, घर र बाटो वरिपरी सुकेका पातपतिङ्गर, दाउरा नराख्न, सुख्खा समयमा आगो नलगाउन नागरिकलाई आग्रह गरे । उनले हिउँदमा पानी नपरेकाले आगलागी हुने जोखिम बढ्ने सम्भावना रहेको भन्दै आगो लगाउनै परे सुरक्षित तरिकाले लगाउनुपर्ने बताए । प्रमुख भट्टराईले भने ' सुकेका फोहोर, डाढ,ढोडहरु जलाउनै परेमा जङ्गल र घर भन्दा टाढा सुरक्षित स्थानमा लगेर विहानको समयमा मात्र जलगाउनु होला, जसले गर्दा आगोको फिलिङ्गो फैलन नपाओस् ।'

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भ

**अन्तर्राष्ट्रिय नारी दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । प्रत्येक वर्ष मार्च ८ मा मनाइने यो दिवस कुनै उत्सव नभई उत्पीडित महिलाको लैंगिक हिंसा विरुद्धको आवाज हो । महिला हिंसा अन्त्य गरी भय रहित वातावरणमा महिलाले जीवन जिउन सक्ने अवस्थाको सिर्जना गर्नु यस दिवसको परिलक्ष्य हो । राजनीतिक तवरबाट सुरु भएको भएता पनि हाल महिला अधिकार, महिला सशक्तिकरण र समानता आदि सवालहरू अन्तर्राष्ट्रिय महिला दिवसका विषयहरू हुने गरेका छन् ।**

**दिवसका दिन नारी स्वतन्त्रता तथा सशक्तिकरणको सवालमा चर्चा परिचर्चा, बहस र अन्तर्क्रियाहरु गरिँदै आइएको छ । तर बिडम्बना, नेपाली महिलाले आफ्नो लैङ्गिक अधिकारको समानताको अनुभूति पूर्ण रुपमा सुरक्षित गर्न पाएको देखिदैन । जनसंख्याको हिसाबले आधा धर्ती ओगट्ने नेपाली महिलाको अवस्था नाजुक रहेको विभिन्न परिसूचक तथा तथ्याङ्कहरुले देखाउँछ । लैङ्गिक विभेदका आधारमा रहेका यस्ता किसिमका अनगिन्ती असमानता हटाउन समाजमा लैङ्गिक न्याय र समानता कायम गर्न नेपालले अनेकौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु जनाएको पनि छ । तर त्यो प्रतिवद्धता कार्यन्वन भने हुन सकिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो ।**

**नेपालमा केही महिलाहरूले नेतृत्व नलिएका हैनन् । राष्ट्रपति विद्यादेवी भण्डारी र सभामुखमा ओनसरी घर्ती जस्ता महिलाहरु सरकारको नेतृत्व तहमा पुगे, जुन सकारात्मक पाटो हो । तर, यतिमै मात्र चित्त बुझाएर बस्ने अवस्था भने यो होइन, कानुन प्रदत्त अधिकार कार्यान्वनमा अझै थुप्रै समस्या छन् । नयाँ संविधान र यसका प्रावधानलाई कार्यान्वयन गर्दै हरेक क्षेत्रमा सार्थक सहभागिता सुनिश्चित गर्न जरुरी छ । नेपाली समाजमा अझै लैंगिक समानता कायम गर्न, लैंगिक हिंसा अन्त्य गर्न थुप्रै बाँकी छ, जसको मार महिलाहरूले खेपिरहेका छन् । यो समस्याले उनीहरूको मानसिक तथा भौतिक विकासमा समेत कति असर पर्छ भन्ने कतिपयलाई हेक्का छैन । अझै कतिपय व्यक्तिमा 'छोरा' नभई नहुने भन्ने पुरातन सोचले घर गरेको छ । 'छोरा–छोरी बराबरी' भन्ने सोचको विकास हुन सकेको छैन । सम्पत्तिमा बराबरी हक स्थापित भएको छैन । घरपरिवारबाट बाहिर काममा निस्कँदा पनि उनीहरूले भोग्नुपरेका समस्या कम छैनन् । कतिपयले महिलाका अधिकारलाई अधिकारका रूपमा नलिएर दया, माया र निगाहका रूपमा लिने गरेको पनि पाइन्छ । यी र यस्ता समस्या एकएक केलाउँदै घरपरिवारदेखि नै नारीप्रतिको हेराइ, सोच र अधिकारप्रति व्यापक अभियान चलाउन जरुरी छ जुन एकदिने दिवसले पूरा गर्न सक्दैन । निरन्तर अभियान चलाउन जरुरी छ ।**

### Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैं साथ दिन सक्दैन,
तर स्वभाव समझदारी र सच्चा सम्बन्धले सधै साथ दिन्छ !!

*(प्रविन भट्टराईको फेसबुक स्टाटस https://www.facebook.com/bhattarai.prabin)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कर्मचारीको पद र हैसियतको हवाला



मेघ राज शंकर

> *झण्डै ५० हजारको हाराहारीमा तलब खाने अधिकृत कर्मचारीले यस्तो दरिद्रता देखाउँदा कर्मचारी इतरका धेरैलाई लाग्दो हो, मान्छेले काठमाडौंमा नाङ्लो पसल गरेर पनि जीविका चलाएको छ, त्यत्रो पैसाले पनि जीवन कठिन हुन्छ र ? सीमित स्रोतले असीमित आवश्यकता पूरा गर्नुपर्नेलाई मात्र थाहा हुन्छ । कर्मचारी वृत्तमा यसरी दैनिक जीवन चलाउने केही कर्मचारी छन् । तलब स्केल र बजार मूल्य तुलना गर्ने हो भने जागिरले जीवन यसरी नै चलाउनुपर्ने बाध्यता छ ।*

सरकारी सेवामा काम गर्ने प्रायले भन्ने गर्छन्- सोझो र पहुँच नहुने कर्मचारीलाई टिक्न गाह्रो छ । विषेशगरी पदस्थापन र सरुवाका बेला कर्मचारीको यस्तो गुनासो र असन्तुष्टि धेरै सुनिन्छ ।

हुनतह सार्वजनिक सेवा प्रवाहमा कुन कर्मचारी कुन पद वा दर्जाको हो, कति वर्षको अनुभव भएको हो वा कताबाट सरुवा भएर आयो भन्ने कुरा आम सेवाग्राहीका लागि उति चासोको विषय होइन।जोसुकै भए पनि काम सरल र सहज तवरले सम्पन्न भयो भने त्यो नै असल र सक्षम कर्मचारी हो । कुनै सरकारी कार्यालयमा सेवा लिन जाँदा कुनै सेवाग्राहीले हैरानी व्यहोरेको रहेछ भने त्यस्तो सेवाग्राहीले कर्मचारीको सेवा-सुविधाको समाचार सुन्ने बित्तिकै विरोध गर्नु पनि स्वभाविक हो । तर यससँगै जोडिएको विषय के पनि हो भने कर्मचारीको अनुभव, क्षमता, उत्प्रेरणा र प्रतिवद्धताले सेवाको गुणस्तर पक्कै फरक पर्छ । त्यसैले भन्ने गरिन्छ, ठिक ठाउँमा, ठिक समयमा, ठिक व्यक्ति हुनुपर्छ । धेरै कर्मचारीलाई पिरोलिरहने विषय भनेको पदस्थापन र सरुवा हुँदाको अवस्थामा हो । झट्ट हेर्दा लाग्छ, सरकारले जहाँ खटाए पनि जागिर खान्छु भनेर सेवा प्रवेश गरेपछि किन त्यस्तो रस्साकस्सी गर्नु । खटाएको ठाउँमा जानु कर्मचारीको कर्तव्य हो । अझ सार्वजनिक सेवामा आवद्ध नभएकाहरुले के पनि भन्ने गर्छन् भने, बाहिर कयौं युवाहरु काम नपाएर बेरोजगार छन्, उता कर्मचारीहरु रोजेको ठाउँमा जान पाइएन भनेर रोइलो गर्छन् । ठिक हो, कर्मचारीको पदस्थापन र सरुवा यदि स्वच्छ तवरले प्रणालीअनुसार हुन्थ्यो भने अपेक्षा पनि त्यही हुन्थ्यो । सबैलाई समान व्यवहार हुन्थ्यो भने सके प्रणाली जे छ त्यसैमा चलेर जागिर खाने नसके अन्य विकल्प खोज्नु पर्थ्यो । अहिले भइराखेको अभ्यासले त्यस्तो देखाउँदैन । कसैले सेवा जीवनमा सधैं चाहेको ठाउँमा काम गर्न पाएको छ, कसैले नचाहेको र अपायक पर्ने ठाउँमा वर्षौंसम्म खट्नु परेको छ। कसैले सेवाकालभरि सुगममा त्यसमा पनि सिंहदरबारमा नै जागिर खान्छ, उसले दुर्गम जानु परेको छैन। कसैले चाहेर पनि सिंहदरबारमा जागिर खान सक्दैन। कसैले कयौं वर्ष दुर्गममा काम गरेर सरुवा माग गर्दा पनि सरुवा हुँदैन, उल्टै सरुवा अधिकार हैन, सरकारले आवश्यक ठानेको ठाउँमा खटाउने हो, कानुन थाहा छैन ? भनेर उल्लिबिल्ली बनाउने गरिन्छ । यसले गर्दा कर्मचारी वृत्तमा अनेक गुनासो र असन्टुष्टि छछल्किने गर्छ। यही सन्दर्भलाई लिएर सेवाभित्र अनेक शंका, उपशंका, अड्कलबाजी र परिचर्चा हुने गरेका छन् । खासखुस चल्ने गर्छ, लौ फलाना ठाउँमा पदस्थापन वा सरुवा हुन त दशौं लाख बुझाउनुपर्छ रे। यस्तो गाइँगुइँले सर्वसाधारण कर्मचारीमा केही उत्सुकता, केही त्रास र केही निराशा पैदा गराउँछ ।

यस्तो महोलमा संलग्न नभएकालाई लाग्छ, कर्मचारीहरुसँगै यसरी लाखौं पैसा असुल्ने काम कसले गर्छ होला, अनि यति धेरै पैसा कर्मचारीले चाहिँ कहाँबाट ल्याएर देला । त्यत्रो पैसा बुझाएर के काम गर्छ, त्यो बुझाएको पैसा कसरी परिपूर्ति गर्छ ? जे होस्, हावा चलेर पात हल्लिए पनि वा पात हल्लिएर हावा चले पनि अधिकांश कर्मचारीले बारम्बार सुन्ने प्रसंगहरु हुन् यी । अझ केही अड्डाका रोचक किस्सा पनि सुनिने गरिन्छ, लौ फलाना अड्डामा त कर्मचारी रातदिन काम गर्न आतुर हुन्छन् रे, त्यो अड्डामा जान त तँछाडमछाड छ रे, भित्रभित्रै बोलकबोल नै हुन्छ रे । त्यस्ता अड्डामा त कर्मचारीले बिदा पनि नलिई काम गर्छन् रे, अरु त के किरिया बिदामा गएको कर्मचारी पनि काजकिरिया सकेकै दिन काममा हाजिर हुन्छ रे । गर्भवती महिला कर्मचारी पनि कुनै दिन बिदा लिँदैनन् रे, बरु प्रसूति व्यथा लागेपछि अफिसबाटै अस्पताल भर्ना हुन जान्छन् रे । काम गर्ने अड्डा र कर्मचारीको रुचिबारेका यस्ता किस्सा र कहानी सत्य नभएर कर्मचारीबारे अनर्गल प्रचारबाजी अर्थात् हँसिमजाक पनि हुन सक्लान् । तथापि, असन्तुष्ट कर्मचारीले फुर्सदको समयमा गफिने मसला भने पक्कै हो । सबै कर्मचारी एकै प्रकारका हुँदैनन् । एउटा कर्मचारीले लाखौं दिने र अर्कोले खाने भन्ने कुरा सबैमा सान्दर्भिक भने छैन । पदोन्नति निश्चित भएपछि एकजना साथीले भने- यो महिनाको तलब आएपछि नियुक्ति भएको भए राम्रो हुन्थ्यो । बैंक ब्यालेन्स जिरो हुन आँटेको छ । लड्डु खुवाउन पनि ऋण नै गर्नुपर्ला जस्तो पो छ । महिनाको अन्तिम-अन्तिम हुन थालेपछि तलब नआउन्जेल घर खर्च केले धान्ने भन्ने पिर लाग्न थाल्छ । केही साथीहरु खटाएको ठाउँमा नगएर मन्त्रालयमा बिनातलब हाजिर गरेर बस्छन्, मेरो त त्यसरी बस्न सक्ने अवस्था छैन । परिवारमा कमाउने म एक्लै हो । एक महिना तलब आएन भने चुलो बल्दैन, केटाकेटी स्कुल जान सक्दैनन् । त्यसैले खटाएको ठाउँमा गइहाल्छु । अर्का एकजना साथीले भने- सरकारले पोशाकभत्ता दिए पनि तीन वर्ष भयो, पूरा पोशाक नसिलाएको । चैत महिनामा पोशाकभत्ता दश हजार आउँछ । त्यसैबेला बच्चाको ठिक्क अर्को कक्षामा भर्ना गर्ने बेला भएको हुन्छ, त्यही पैसा थपथाप गरेर बच्चाको भर्ना गरिन्छ । नयाँ पोशाक किन्नु त कता हो कता ।

झण्डै ५० हजारको हाराहारीमा तलब खाने अधिकृत कर्मचारीले यस्तो दरिद्रता देखाउँदा कर्मचारी इतरका धेरैलाई लाग्दो हो, मान्छेले काठमाडौंमा नाङ्लो पसल गरेर पनि जीविका चलाएको छ, त्यत्रो पैसाले पनि जीवन कठिन हुन्छ र ? सीमित स्रोतले असीमित आवश्यकता पूरा गर्नुपर्नेलाई मात्र थाहा हुन्छ । कर्मचारी वृत्तमा यसरी दैनिक जीवन चलाउने केही कर्मचारी छन् । तलब स्केल र बजार मूल्य तुलना गर्ने हो भने जागिरले जीवन यसरी नै चलाउनुपर्ने बाध्यता छ । बाहिरबाट कर्मचारीलाई जति गाली गरे पनि आखिर कतिपय कर्मचारीको वास्तविक अवस्था यही हो । सरकारकै जागिर खाएर त्यसो त आलिसान जिन्दगी जिउने कर्मचारी पनि छन् । अधिकांश जनमानसले कर्मचारीलाई त्यसरी नै जिउनेको रुपमा बुझ्ने गर्छन् । तर उनीहरुले लड्डु र पोशाकको चिन्ता गर्नेस्तरका कर्मचारी पनि छन् भन्ने यथार्थ भुल्नु हुँदैन । आफ्ने तलबमा सीमित रहेर फारो गरेर जीवन चलाउने कर्मचारीप्रति समाजको धारणा र स्वीकार्यता कस्तो छ भन्ने पक्ष पनि महत्वपूर्ण छ। यो स्तरका कर्मचारीले समुदायमा पार्टी, बिहेभोज र सामाजिक समारोह लगायतका कार्यक्रममा ताँमझामका साथ जान सक्ने कुरै भएन । प्राय: सबै पार्टी तथा समारोहमा एउटै पहिरन र एकै प्रकारको रहनसहनमा हुनुपर्ने अवस्था हुन्छ । प्राय: त्यहाँ ब्रान्डेड लुगा, गरगहना र बिलासी लवाइ आदिको पनि ख्याल हुने हुँदा यस प्रकारका कर्मचारीको उपस्थिति निम्सरो देखिन्छ । के के न पदमा पुग्यो भनेको गतिमति रहेछ भन्ने सोचाइ र व्यवहारको सिकार हुनुपर्ने अवस्था छ । हिजोआज त विदेशको कमाइसँग तुलना गर्ने र विदेशतिर खिचेका तस्वीरसँग एउटा कर्मचारीको जीवनशैलीसँग तुलना गरेर नेपालमा केही हुँदैन हेर फलाना कर्मचारीको अवस्था त्यस्तो छ भन्ने कुरा उठ्न सक्छ। छरछिमेकबाट पनि कर्मचारी भएर के गर्नु केही गर्न सक्ने रहेनछ भनेर कुरा काट्ने, उस्तै परे हेप्ने प्रवृत्तिबाट पनि प्रताडित बन्नुपर्ने हुनसक्छ ।

हाइपावर र हाइप्रोफाइलका व्यक्तिहरुसँग कुनै होटल तथा रेष्टुरेन्टमा खानपान गरेर बस्न पनि यस्ता कर्मचारीसँग क्षमता हुँदैन । अलिक मोटो बिल फलाना हाकिम साबले तिर्नुहुन्छ भन्दा झ्याप्पै तिर्न सक्ने अवस्था हुँदैन । यससँगै, हाम्रो फलाना सम्मेलन हुँदैछ वा कार्यक्रम हुँदैछ हाकिम साहेबको तर्फबाट यति रकम है भनेर सहयोग माग्दा पनि लौ हुन्छ भन्न सक्ने ल्याकत पनि हुँदैन । कसैलाई पक्राउबाट बचाउनुपर्‍यो वा हिरासतबाट निकाल्नुपर्‍यो भन्दा यसखाले कर्मचारीको त्यस्तो पहुँच र नैतिकता नहुन सक्छ । त्यति भएपछि राजनीतिज्ञ र शक्तिशाली व्यक्तित्वले समेत उति खोजिरहने व्यक्तिमा पर्दैनन् यस्ता कर्मचारीहरु । हातमा घडी कस्तो छ, मोबाइल कुन ब्रान्डको छ, मोबाइलमा कहाँकहाँबाट कल आउँछ भन्ने कुराले पनि कर्मचारीको हैसियत तय गर्ने भएकोले समाजको अपेक्षा अनुसार बन्न नसक्नेहरु प्राय: निरीह बन्नुपर्ने अवस्था छ । यसकारण समाजको प्रतिष्ठा के हो भन्ने स्थापित भएको मानकमा पुग्न नसक्ने वा नचाहने कर्मचारीलाई बडो सकस हुने गर्छ । सरकारी सेवा पनि यही समाजको प्रतिबिम्बित स्वरुप भएकोले प्रशासन संयन्त्रभित्र कसले कसलाई कसरी रिझाउन सक्छ, प्रभाव पार्न सक्छ, कोसँग कुन नेता वा राजनीतिक शक्तिको पहुँच छ, प्रशासनको उच्च तहमा कसको कति पहुँच छ, कसको पहुँचमा कुनकुन कार्यालय वा मन्त्रालयमा काम गर्‍यो भन्ने कुराले कर्मचारीले प्राप्त गर्ने सेवा-सुविधा मात्र नभएर कर्मचारीको क्षमतालाई बुझ्ने विषयमा समेत प्रभाव पार्छ । यसरी प्रभाव पार्न नसक्नेहरु स्वार्थी समूहको नजरमा कमजोर बन्ने गरे तापनि काम गर्ने सवालमा भेट भएका सेवाग्राही तथा सरोकारवालाको लागि भने असल कर्मचारीको श्रेणीमा दर्ज भइरहन्छन् ।

एउटा कर्मचारीको सेवा जीवन यस्तो होस् कि आफूले गरेका काम सम्झेर आफैं लजाउन र पश्चाताप गर्न नपरोस् । विलासी जीवन र अनैतिक माध्यमबाट आर्जित शक्तिलाई नै प्रतिष्ठित जीवन मान्ने सामाजिक सोच रहिरहने हो भने इमान्दारहरु पनि इमान्दार भएकोमा पश्चाताप गर्ने अवस्था नआउला भन्न सकिन्न । त्यसैले, इमान्दारले गर्व गर्ने र दोहनकारीले पश्चाताप गर्ने अवस्था निर्माण हुन भ्रष्टाचारको विरोध गर्ने मात्र हैन, सदाचार र इमान्दारिताको कदर गर्ने सामाजिक सोच र व्यवहार जरुरी छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। जग्गा जमिन सम्बन्धी समस्याहरु सुल्झिनेछन्। | **तुला** : सफलताको लागि संघर्ष गर्नुपर्ला। पुरानो वादविवादहरू सुल्झिनेछन्। |
| **वृष** : धन खर्चको योग छ। निर्णय नलिनाले नोक्सानको आशंका रहनेछ । | **वृश्चिक**: सन्तानको प्रगति देखेर चिन्तामुक्त भइनेछ । खर्चको वृद्धिले समस्या बढ्नेछ। |
| **मिथुन** : भावनामा आएर निर्णय नलिनुहोला । स्वास्थ्यमा ध्यान राख्नुहोला। | **धनु** : कार्यक्षेत्रमा अपमानको भय रहनेछ। विवादास्पद कुराहरू वहन गर्नुपर्ला। |
| **कर्कट** : निजी कार्यालयलाई टाल्दा समस्या बढ्नेछ । धर्मकर्ममा रुचि बढ्नेछ । | **मकर** : मनमा काम गर्ने उत्साह जाग्नेछ। मित्रहरूबाट सहयोग पाइएला। |
| **सिंह** : कानुनी मामिलाहरू सुल्झिनेछन्। आयस्रोत सबल रहनेछ । | **कुम्भ** : सकारात्मक सोचले लाभ मिल्नेछ। आफ्नो मर्यादाको ध्यान राख्नुहोला। |
| **कन्या** : धार्मिक कार्यबाट खुसी मिल्नेछ। कार्यक्षेत्रमा कार्य समयमा सम्पादन नहोला। | **मीन** : प्रशासनिक मामिलाहरू सुल्झिनेछन। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। |

साहित्य दर्पण

कथा ● ● भाउ पन्थी

# उषा र उमाकान्त

> *अगिपछि सोचेर आफूलाई हुन्छ भन्नबाट रोकिराखेको त्यही छोटो अन्तरालमा तर केटीले भनी, 'तिमी मसँग बिहे गर्दैनौ भने म अर्को केटासँग बिहे गर्छु ।' केटो उमाकान्त दिक्दार परिसकेको थियो, किन मैले केटीलाई प्रेम निवेदन गरेछु भनेर । कतै टिक्ने गरी आफ्ना खुट्टामा उभिन पाइएको छैन, केटीको बिहे गर्ने आग्रहले उसलाई राति सुखले निदाउन दिँदैनथ्यो ।*

जति गरे पनि केटीले भन्न छाडिन, 'बिहे गरौँ ।' केही महिना मात्र होइन, केही वर्षभन्दा बढी । त्यस दिन हार मानेर उसले भन्नै लागेको थियो, 'हुन्छ ।'

अगिपछि सोचेर आफूलाई हुन्छ भन्नबाट रोकिराखेको त्यही छोटो अन्तरालमा तर केटीले भनी, 'तिमी मसँग बिहे गर्दैनौ भने म अर्को केटासँग बिहे गर्छु ।' केटो उमाकान्त दिक्दार परिसकेको थियो, किन मैले केटीलाई प्रेम निवेदन गरेछु भनेर । कतै टिक्ने गरी आफ्ना खुट्टामा उभिन पाइएको छैन, केटीको बिहे गर्ने आग्रहले उसलाई राति सुखले निदाउन दिँदैनथ्यो । तर, केटी सजिलै उसको प्रेममा लट्ठिएली भन्ने लागेको थिएन, सिलसिला चलिरहेकै थियो । केटी कहिलेकाहीँ आफूमै सोचमग्न हुन्थी । केटीले त्यसरी सजिलै उसलाई छाडेर अर्कोसँग बिहे गर्छु भनेपछि केटो पारासुट भिरेर आकाशबाट हामफालेझैँ खुसी भयो । यद्यपि, यो उपमा धेरै मिल्दो थिएन ।

तर, एउटा कुरा यो हुन सक्थ्यो, उसले पारासुटबाट पहिलोपटक हामफाल्दा जिउ सिरिङ्ङ हुने गरेझैँ बिहेको झन्झटबाट मुक्ति पाउँदा खुसीले जिउ सिरिङ्ङ भएको जनाउन खोजेको । अचेल उसले खासै जिउ सिरिङ्ङ हुने गरी आनन्दानुभूति गर्न पाएको थिएन, तर केटी उषाले त्यो उसलाई अनायासै उपलब्ध गराई । केटो उमाकान्त अलिअलि पछुतो मान्ने तयारीमा थियो । हेर्दा निकै नै सुन्दरी थिई केटी । उन्नत वक्ष, लचिलो र मादक देह र अन्य विवरण दिन उसले आँट गरेन । धेरै बयान गर्दा शृंगार रसलाई बयानले मर्दन गरेर अश्लीलतातिर बढ्ने डर थियो । तर, उसको मनमा केटी उम्किन लागेकोमा पश्चात्ताप थियो । एकपटक केटोले यो पनि सोच्यो- व्यर्थैमा बिहे गर्दिनँ भनेँ । घरगृहस्थीवाल भएपछि सुखदु:ख जिन्दगी कटिहाल्ने थियो । भन्ट्याङभुन्टुङ पनि हुने थिए । तर, भन्ट्याङभुन्टुङ दुईभन्दा तीन हुन दिनु हुँदैन । अचेलभरि हामी दुई हाम्रा दुई भन्ने परिवार नियोजनको विज्ञापन पनि देखिन्न । अब जतिजना जन्माए पनि हुने दिन आएछन् कि क्या ? सरकारले जनसंख्या बढोत्तरीको स्किम पो ल्याएको छ कि ? तर, उमाकान्तले सोच्यो- यी सब झमेलावाला कुरा पछि हुँदै गर्छन् ।

तर, केटीले सहजै उसलाई छाड्छु भन्नुले उसको प्रेम सच्चा प्रेम रहेनछ भन्ने उमाकान्तले निष्कर्ष निकाल्यो । उसको वा उसको ? माने उमाकान्तको प्रेम झुटो कि केटी उषाको ? यसबारे केटामा दोधार थियो । उसले मान्यो उसैको प्रेम कमजोर रहेछ नत्र केटीले यति सहजै बीचैमा अर्को केटातिर औँल्याएर दृढतासाथ म ऊसँग बिहे गर्छु भन्ने थिइन । उमाकान्त मनमनै खुसी थियो - आफ्नो प्रेम सच्चा प्रेम हो, नत्र उसले पनि सहजै केटीलाई अर्कोसँग बिहे गर्ने मौन स्वीकृति दिने थिएन । उमाकान्तको मौन स्वीकृति भन्नु यस अर्थमा - उसले हुन्छ पनि भनेन, हुन्न पनि भनेन । तर, केटी उषाको निर्णय थियो, अब ऊ उमाकान्तलाई छाड्ने भई । केटोले पनि मौन रहेर स्वीकृति प्रदान गरेजस्तै देखियो । अब चुँडिएको मायाप्रेम पुन: गाँस्नु बेकारै थियो । जब दिल ही टुट गया...। उमाकान्त हिन्दी चलचित्र प्रेमी थियो, त्यसैले यो 'जब दिल ही टुट गया' भन्ने गीत सम्झन पुग्यो । नेपालीमा उसले मनमनै गायो, 'मुटुमाथि ढुंगा राखी हाँस्नु पऱ्या छ ।' यो गीत केटीका लागि उपयुक्त देखियो । साँच्चि नै उमाकान्तले मनमा कुनै पीडा छैन भन्ने जनाउ दिन केटीतिर हेरेर मुस्काइदियो । खुलेर हाँस्नु केटीमाथि व्यंग्य वा उपहास गरेको ठहरिने थियो । यसले केटीको मन खिन्न गराउन सक्थ्यो ।

केटीले त उसलाई बिहे गरौँ भनेकी नै थिई । त्यसमा उमाकान्तले मन दुखाउने वा मन उदास पार्ने गीत सम्झिनुपर्ने खण्ड थिएन । उल्टो भइरहेथ्यो । उमाकान्तले भन्यो, 'जाँदाजाँदै एकेक कप कफी भइजाओस् न त उषा ।' कफीसप उनीहरू सधैँ जाने ठाउँ थियो । उसले उषा भनेर सम्बोधन गरेपछि केटीले तत्काल तत्परताका साथ जवाफ दिई, 'अब तपाईंले उषा भनेर सम्बोधन गर्ने होइन, उषाजी भन्ने हो । नाम काढेर बोलाउन मन लागेन भने बहिनी भन्दा पनि हुन्छ ।' यो त धेरै नै अन्याय हो । हिजोसम्म जो उसको लभर थिई उसैले आज उसलाई तिमीबाट तपाईं भन्दै यो नभन्नोस् र उ नभन्नोस् भनिरहेकी छ । वास्तवमा उषाको प्रेममा गम्भीरता रहेनछ । कस्तो मजाक हो यो, हे ईश्वर ! ईश्वरको नाम त लियो उमाकान्तले तर ऊ कहिल्यै मन्दिर गएको होइन । तिइँ पशुपतिनाथको दर्शन नगरेको पनि वर्षौं भयो ।

तर, केटीको अनुहारमा गम्भीरता थियो । उसलाई उषा भनेर अर्कोपटक उमाकान्तले सम्बोधन गर्ने साहस पनि गरेन । उसले केटी भएतिर हेरिरह्‌यो । केटीले थप केही भनिन, तर उसैले निम्त्याएझैँ भनी, 'जाऊँ त कफी खान ।' उमाकान्त पकेटमा हम्मेसी एउटा पाँच सयको नोट बोकेर हिँड्थ्यो । पकेट छाम्यो, नोट यथावत् थियो । महँगी त बढेको छ, तर पाँच सयमा दुई कप क्यापुचिनो हो कि अर्को केहो भन्ने कफी कसो नपाइएला ? फेरि बिदाइ पनि थियो, केटी र उसको माझमा । पाँच सयको नोट कफी पसलेलाई बुझाएर पारपाचुके पाइएझैँ भयो भने सस्तैमा छुट्टियो भन्नुपर्ला ! यो विचार उमाकान्तले त्याज्य मान्यो, किनभने केटीलाई ऊ सच्चा प्रेम गर्थ्यो । अझ एक वर्ष पर्खेको भए उसले सहजै बिहे गर्ने थियो । तर, केटी कुन्नि कुन हतारोमा थिई ? भेटैपिच्छे बिहेको रटान लगाउँथी । उसले केटीलाई कुनै पासोमा पारेको पनि थिएन । केटी स्वस्थ थिई, अक्षुण्ण – माने ऊ जन्मजात जस्ती थिई त्यस्तै थिई । उसले हात पनि लगाएको थिएन । एकदुईपटक यत्ति मात्र, गालामा चुम्बन गरेको थियो । त्यो पनि केटीले उसको सामु गाला तेर्स्याएर आमन्त्रण गरेकीले । 'म्वाइँ नखाने ?' केटीलाई साहसी मान्न पर्थ्यो । म्वाइँभन्दा उमाकान्त अगि बढेन । सदाचारी थियो । ऊ यो चाहँदैनथ्यो, म्वाइँभन्दा अगि बढेपछि केटीले निकट भविष्यमै भन्न सक्थी – निहुँका लागि भए पनि नभए पनि, 'म गर्भवती छु ।' बिहे गर्नु नै थिएन यस कालखण्डमा भने अल्झो सिर्जना गर्ने पक्षमा थिएन उमाकान्त । केटीले फसाउनलाई भन्न पनि सक्थी, 'म गर्भवती छु ।' तर, यो अचेल चलनमा छैन । पहिलेपहिलेका पुराना फिलिमका सिचुएसन हुन् यिनी । अचेल केटीहरूलाई सबै थाहा छ, प्रेममा फसेपछि इज्जत जान नदिन केके गर्नुपर्छ भनेर । तर, कफीसपमा एउटा घटना यो भयो – एउटा तन्नेरी भित्र पस्यो । उषाले उज्यालो अनुहार पार्दै भनी, 'उ: त्यै हो मेले बिहे गर्ने साथी ।'

उमाकान्त त्यो तन्नेरीलाई चिन्दथ्यो । ऊ छक्क पऱ्यो, महाछक्क । भन्यो, 'उषा, त्यो त अन्य हो ।' उषा हाँसी र हाँस्दै भनी, 'म पनि त अन्यमा गइरहिछु । पुरुषप्रति मेरो प्रेम र आकर्षण घटिसकेको छ ।' उमाकान्तले विश्वास गरेन । यो के सुन्दै छ, देख्दै छ ऊ ! यसरी ऊसँग उषाले बदला लिन खोजेकी त होइन ?

*-बाह्रखरी डटकम*

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

क्लासिक निबन्ध ● ● कृष्णचन्द्रसिंह प्रधान

# बाँच्नु भनेको नमर्नु होइन

सिद्धार्थ गौतम गृहस्थी जीवनदेखि उदासीन हुन्छन् । न राज्यको काममा रुचि लिन्थे न स्वास्नी छोराहरूसित रमाउन सके । एक्लै बसेर खालि सोचिरहन्थे । एक दिन विरक्तिएर घरपरिवार छाड्छन्, राजपाट छाड्छन् र जंगल हिँडिदिन्छन् । सिद्धार्थ त सन्न्यासी पो भइदिन्छन् । यसरी राज्यश्री नै परित्याग गर्न प्रेरित गर्ने तत्वहरूमा यही बुढ्याइँ थियो ।

किन हामी बूढो हुन्छौँ ? सिद्धार्थ यसको जवाफ चाहन्थे । तर, पाउँदैनन् । उनी सोचिरहन्थे, खालि खोजिरहन्थे, भेट्दैनथे । उनी मात्रै बुढ्याइँबाट मुक्ति चाहन्थे, जस्तो : रोग, मृत्युबाट । तर, निरुत्तर हुनुपर्ने पीडा उनलाई असह्य लाग्छ । यतिबिघ्न आक्रामक भए कि जीवन नै व्यर्थ सम्झन थाल्छन् । भिक्षु बनाउने योभन्दा ठूलो पीडा अर्को क्यै भएन । हामी सिद्धार्थ हुन सकेनौँ, तर उनलाई जत्तिकै नमीठो र ननिको हामीलाई नलागेको पनि होइन । त्यसैले त बूढो हुन चाहेनौँ ।

बुढ्याइँ र मृत्युमाझ यति गहिरो सम्बन्ध छ घामपानीजस्तो । यसको अर्थ रोगव्याधि, दुर्घटना आदिका कारणले मर्दैनौँ भन्ने होइन । म त यहाँ स्वाभाविक मृत्युको कुरा गर्दै छु । बुढ्याइँलाई मृत्युको पूर्वसंकेत भन्दछन्, कसैले मृत्युको घण्टी । उमेर बढ्दै जान्छ, मृत्यु वरवर आउँछ । हामी मृत्युको झन्झन् नजिक पुग्छौँ । नभन्दै थाहै नदिई एक दिन सुटुक्क हिँडिदिन्छौँ संसारबाटै । बूढो हुन्छौँ, तर मर्दैनौँ । मछौँ, तर बूढो भएर होइन भन्ने तर्क यहाँ लाग्दैन । यसबाट उन्मुक्त हुन सक्छौँ कि सक्तैनौँ ? प्रश्न यति मात्र हो । सिद्धार्थलाई यसले बेस्करी छुन्छ, बेस्करी रिँगाउँछ, बेस्करी हल्लाउँछ र प्रश्न गरिरहन्छ निरन्तर-निरन्तर । त्यसबाट मुक्त भए कि भएनन् थाहा छैन । तर, यसको डर, चिन्ताले भागिहिँडेनन् । प्रकृतिको खटन नमान्नेहरू कि आत्महत्या गर्छन् कि विवशता सकारेर पुर्पुरो ठोकिबस्छन् । यो गल्ती सिद्धार्थले गरेनन् ।

बूढो हुनु शरीरको धर्म हो । मन लागेन भन्दैमा फेर्न पाइने होइन । समयले कहाँ मान्छ ? विरोध गरेर संयमित हुनेहरूले अलिकता आयु लम्ब्याउलान्, त्यत्ति हो । तर, नमर्नता कोही सक्ता रहेनछौँ । नमानेर अटेर गर्नेहरू पनि छन् । बीसवर्षे जवान भई सपना सँगाल्नेहरू पनि छन् । यो आशक्ति तथा अतृप्तिमोह कतिन्जेलका लागि ? मरिएला भन्ने डरले बूढो हुन चाहँदैनौँ । यथार्थ यो होइन । सत्य हो, हामी मर्नै चाहँदैनौँ । यसको अर्थ तन्नेरीमा कोही मर्दैनौँ भन्ने होइन । यहाँ सरदरको कुरा गर्दै छु । मर्नै नपर्ने भएको भए हामी के गर्थ्यौँ होला ? कस्तो हुन्थ्यो हाम्रो स्वभाव, मनोवृत्ति, व्यवहार, विचारहरू ? छिमेकीहरूसितको सम्बन्ध, एक आपसको मित्रता अनि के अहिलेकै जस्तो जीवनलाई माया गर्थ्यौँ ? हाम्रो दयामाया यस्तै हुन्छ कि अर्कै ? वा राक्षसभन्दा चण्डाल, संवेदनाशून्य, ढुंगाभन्दा साह्रो, कठोर ? मर्नु पर्दा त यति घमण्ड गर्छौँ, लोभी छौँ, ईर्ष्यालु र असहिष्णु छौँ । अझ विश्वविजेता हुने आकांक्षाले हिंस्रक भइदिन्छौँ । मर्नै नपर्ने भए ? भैगो, छाडौँ । यी कल्पनाका कुराहरू हुन् । हुन नसक्ने घटनानको पीर किन लिने ? यथार्थ त बाँच्ने जिजीविषा हो । यसका लागि जे पनि गर्छौँ, जे गर्न पनि सक्छौँ । कोही सर्वेसर्वा भई बाँच्न खोज्छन्, कोही इतिहासमा नाम राखेर, कोही कृतिमा पुनर्जीवित भएर । कोही यो संसार, हामी मान्छे, भौतिक सुखसुविधा सबै माया हुन्, मिथ्या हुन्, त्यसबाट उदासीन भई धर्मकर्म गर्छन् अनि परलोक सुधारेर अमर हुन चाहन्छन् । यी सबै बाँच्ने प्रक्रियाअन्तर्गतका इच्छाहरू हुन्, जिजीविषा र प्रयोजनहरू हुन् । निष्कर्ष हो, हामी मर्न चाहँदैनौँ । यी भौतिक समृद्धिहरू, आध्यात्मिक संसार, वैज्ञानिक उपलब्धि, साहित्य-कला, अन्तरिक्ष अभियानहरू सबै बाँच्नकै लागि सिर्जना गरिएका प्राप्तिहरू हुन् । यो भनेको भौतिक रूपमा हामी मछौँ, मानिसहरू मर्छन्, तर मानव वंशको निरन्तरतामा बाँचिरहने मानिस कहिल्यै मर्दैन । उनीहरूले स्थापित गर्ने प्राप्तिमा हामी बाँचिरहनेछौँ । मर्नु त एउटा नियति हो । कसको के लाग्छ ? प्राकृतिक प्रतिकूलतामा भइदिने दुर्घटनाहरू बडो भयावह हुन्छन् । यस स्थितिमा डायनासोरको वंशै नरहने गरी विनाश भएजस्तै भोलि मानव जाति नै विलीन हुने हो कि ? यो प्राकृतिक प्रकोपमा के हुन सक्तैन ? तर, हामी मानिस हौँ, डायनासोर होइनौँ । व्यक्तिगत रूपमा हामी यस धराधाममा नहोऔँला, के भो र ? मानिसहरू त रहिरहनेछन्, उनीहरूको वंशको निरन्तरतामा तिमी बाँच्नेछौ, म बाँच्नेछु । हामीहरू बाँच्नेछौँ ।

मृत्यु जनाउने मृत्युपूर्वको बुढ्याइँ मृत्युजत्तिकै निरर्थक हुन्छ, निस्क्रिय र गतिशून्य । यस कारण मरिने भो भनेर डराएका हौँ । यो मछौँ भन्ने सत्यबाट अनभिज्ञ छैनौँ, अनजान छैनौँ । थाहा छ एक दिन बूढो हुन्छौँ । हाम्रा हातखुट्टा चल्नेछैनन्, निस्क्रिय हुन्छौँ हामी । तर, त्यसो हुनुबाट जोगाइराख्न सक्तैनौँ । फेरि पनि बूढो हुन चाहँदैनौँ, मर्न चाहँदैनौँ । यहाँ नेवार समाजमा प्रचलित उमेर र दिनमा गरिने यो ज्या: जङ्क्वले सांस्कृतिक प्रचलनको रूपमा चल्दै आएको सामाजिक परम्परालाई मात्रै कहाँ दिग्दर्शित गर्छ र ? यो उमेरको हुनु भनेकै त्यस बेलाको समाजले परिकल्पना गरेको सरदर आयुभन्दा धेरै हो । यति बाँचेर उमेरको यो उचाइ छुन पुगेको सिद्धि र जिन्दगीको महोत्सवी दिन मानेर अर्चना गर्नुलाई ज्या: जङ्क्व भनेका हौँ ।

अब वृद्धत्वलाई परिभाषित गर्ने त्यसको अर्थ बदलियो । उनीहरूलाई हेर्ने आँखा बदलियो । यसबाट अब मृत्यु सम्बोधित हुँदैन, मृत्युमाथिको विजयलाई देवत्वमा परिणत गर्ने यो एउटा बेग्लै दर्शन भइदिन्छ । अनि, प्रतीकात्मक रूपमा यसले मृत्युञ्जयलाई संकेत गर्छ । देवत्व प्राप्त गर्ने वृद्धवृद्धाहरूलाई ज्या: जङ्क्वमा रथारोहण गराएर उनीहरूबाट आशीर्वाद ग्रहण गर्ने कुराले पनि यसको पुष्टि गर्छ । समय त्यही रही रहेन । स्थिति बदलियो । परम्परा, संस्कृतिको अनुशीलन गर्दागर्दै पनि विचलन हाबी हुँदै गइरहेको समाजमा विघटन र विखण्डन सुरु भो । त्यसप्रतिको आस्था डगमगाउन थालिरहेछ । संयुक्त परिवारको पूर्वीय आदर्श समाजमा अब पैरा जाँदै छन् । गिर्दो आर्थिक अवस्थाले जीवन धान्न सकिरहेका छैनौँ, अर्कोतिर अध्ययनका लागि जानेहरूको लर्को लागेको छ । गरिखान सक्ने उमेरका युवायुवतीहरू विदेशिँदै छन् । बूढाबूढी, अपांग, अशक्त, रोगी र केटाकेटीहरूको अनाथालय बन्दै छ देश, वृद्धाश्रम हुँदै छन् गाउँ-सहरहरू । बदलिँदो समाजका यी विचलनहरू, तिनले ल्याउन थालेको अनिश्चितता, बहिर्गमन तथा आ्नै स्वार्थका कारण भत्किरहेको संयुक्त परिवार अनि पारिवारिक सैटन र त्यसभित्रको कौटुम्बिक स्नेह, आस्थाहरू सबै खलबलिन थालिरहेछ, भत्किन थालिरहेछ । के यिनीहरूको विकल्प वद्धाश्रम र अनाथालयहरू हुन् ? अहिले हामी विसंगति र विचलनहरूको चापमा छौँ । आर्थिक दुरावस्थामा देश फसेको छ । बेरोजगारीले आक्रान्त छ नयाँ पुस्ता । व्यवस्था बदले पनि देश बदलेन, नेताहरू बदलेनन् । सरकार बदले, सरकार हाँक्नेहरूको नियत बदलेन, आचरण बदलेन । अस्थिर राजनीति, उदण्ड कार्यकर्ता, आतंकित नागरिक समाज । कहाँ, कहिले के हुन्छ ठेगान छैन । यतिबिघ्न अनिश्चित भविष्य बाँचेर जगविहीन वर्तमानमा सास फेर्दै छौँ । यी सबैबाट चिन्तित, आन्दोलित, पीडित युवायुवतीहरू, पढेलेखेकाहरू, शिक्षार्थीहरू, केही गर्न खोज्ने नयाँ पुस्ताका होनहारहरू विदेशिएर आफूले सँगालेका इच्छाहरू, सपनाहरू त्यहीँ रोप्छन् र हुर्काइरहेका छन् । देश भनेर यहीँ क्यै गर्न सकेका पनि होइनौँ । माया मारेरै देश छाडेका पनि छैनौँ । देशमा रहँदा पनि देश भनेनौँ, विदेशमा बस्दा पनि देश र घर सम्झेर रुन्छौँ । जे गर्दा पनि सन्तोष नलाग्ने यो डायास्पोरिक पीडा, मानसिक विचलन साँचेर छटपटाइरहनु दु:खद लाग्छ । आप्रवासीहरूको यो अवस्था उनीहरूकै निम्ति पनि सुखद रहेन भने नेपालमै बसेका उनीहरूका परिवार, वृद्धवृद्धाहरू छुट्टिनुपरेको बिछोडले आक्रान्त छन् । कोही नभएकै बेला मरिने हो कि भन्ने डर एकातिर छ, अर्कोतिर बूढाबूढीलाई हेर्ने, समाल्नेहरू नहुँदाको सन्त्रास र एक्लिनाको पीडा छ । वृद्धाश्रमको शरण लिनुपर्ने डर छ, त्यसबाट उन्मुक्ति पनि चाहन्छन् ।

विदेश नगई घर नबन्ने दुखेसोले पनि उनीहरूलाई छाडेको छैन । विकल्परहित देशका हामी नेपाली, कसमाथि भरोसा गर्ने ? र, कसरी यसबाट पार लाग्छौँ ? विदेशिनेहरू आफू बन्लान्, तर देश त्यसबाट उठ्ने होइन । यसको निचोड हो, देशै उठनुपर्छ, बन्नुपर्छ, पूर्णता हासिल गर्न सक्नुपर्छ । वृद्धवृद्धाहरूको समस्या पनि स्वत: सुल्झिन्छ । वृद्धवृद्धा हुनु आफैँमा अभिशाप होइन । समस्या आइपरेको त पारिवारिक विचलनले हो, जो आर्थिक दरिद्रताको बढ्दो बोझबाट उन्मुक्तिका लागि संयुक्त परिवार अभिशाप भइदिन्छ । विदेशिनेहरूको यस बाध्यताले समस्या झन् अल्झिँदै गइरहेछ, जटिल बन्दै गइरहेछ । बूढो हुनु नैसर्गिकता हो । स्वास्थ्यलाभ गरेर हामी दीर्घायु हुन सक्छौँ । यत्ति हो । तर, बूढो मानिस हुन्छ, मानिसको शरीर हुन्छ, उसको मन होइन, स्फूर्ति होइन । तन्नेरी मनको साहसिकताले मान्छेलाई कहिल्यै बूढो हुन दिँदैन । आफूलाई व्यस्त राख्न सक्नुपर्छ । मृत्यु आफैँ हतोत्साहित हुन्छ र पराजित । मृत्युभन्दा अप्रिय क्यै छैन । सबैलाई थाहा छ । त्यस्तै मृत्युजस्तो सत्य, शाश्वत पनि क्यै छैन संसारमा । यो पनि धेरैले जानेकै कुरा हो । तैपनि, नमर्न पाए हुन्छ भनेर अप्राकृतिक कुरा गर्छौँ । नमर्ने त हामी हुँदै होइनौँ । त्यस्तै, मरेर बाँच्ने पनि हामी मानिस नै हौँ । यसकारण असल भएर बाँच्नेहरू कहिल्यै मर्दैनन् ।

*-साहित्य पोष्ट डटकम*

# आज अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदै




**पाल्पा, फागुन २३/** आज ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस विविध कार्यक्रम आयोजना गरेर मनाइँदै छ । विश्व महिला आन्दोलनको आधुनिक अभियान सन् १९१० मार्च ८ तारिखबाट सुरु भएसँगै हरेक वर्ष श्रमिक महिलाका अधिकार स्थापित गर्ने उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै आइएको छ ।

महिला हक, अधिकार, सशक्तीकरण एवं लैङ्गिक समानताका लागि आवाज उठाउँदै विश्वभरि एक शताब्दीभन्दा बढी समयदेखि आजकै दिनलाई महिलाका लागि विशेष दिनका रूपमा मनाइँदै आइएको छ । सन् १९०८ मार्चमा १५ हजार महिलाले न्यूयोर्क सिटीमा काम गर्ने समय थोरै हुनुपर्ने, राम्रो ज्याला दिनुपर्ने र मतदानको अधिकार हुनुपर्ने मागसहित ¥याली गरेसँगै यसको बिजारोपण भएको थियो । यसको एक वर्षपछि अमेरिकाको समाजवादी पार्टीले पहिलो राष्ट्रिय महिला दिवस घोषणा गरेको थियो ।

नारी आन्दोलनकी अभियान्ता क्लारा जेटकिनले सन् १९११ मार्च ८ का दिन महिला कामदार माथिको श्रम शोषण विरुद्धको आवाज उठाएको दिनको सम्झनामा यो दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसका रुपमा मनाउन थालिएको हो । महिला अधिकारको मुद्दा उठ्न थालेको लामो समय भइसक्दा समेत अझै पनि महिला र पुरुषबीचको खाडल ठूलो छ । महिलाका हक अधिकार कानुनी रूपमा स्थापित गरिए पनि कार्यान्वयनमा चुनौती देखिएको छ । नेपालको संविधानले नै व्यवस्था गरेका महिलाका हक अधिकार कार्यान्वयनमा आउन सकेका छैनन् । कानुन पर्याप्त भए पनि कार्यान्वयन गर्ने निकाय महिलाप्रति सकारात्मक नहुँदा समस्या भएको कानुनविदहरु बताउँछन् । नेपालको संविधानमा महिलाको मौलिक हकको व्यवस्था गरेको छ ।

राज्यका हरेक निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्नुका साथै सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकको व्यवस्था गरिएको छ । संघ, प्रदेश र पालिकामा प्रतिनिधित्व सहित राज्यका हरेक निकायमा महिलाको सहभागिता बढ्दै गएको छ । महिला हिंसा तथा उत्पीडन अन्त्यका लागि विभिन्न कानुन बनेका छन् । तर महिला हिंसाका घटनामा कमी आउन सकेको छैन ।


## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा

## पशुपालक कृषकहरुलाई खोरेत रोग सम्बन्धी जानकारी

- यो पशुमा लाग्ने सरुवा रोग हो । यो रोगले पशुको मुख र खुट्टामा घाँउ बनाउँछ । यो रोग एक पशुबाट अर्को पशुमा सजिलैसँग सर्न सक्दछ । यो रोग स्थानीय पशुहरुलाई भन्दा उन्नत नश्लका पशुहरुमा बढी रुपमा देखा पर्दछ ।

### खोरेत रोग सर्ने तरिका

- खोरेत रोग हावा, पशुको दाना, पानी, घाँस, चरन आदिको लसपसबाट एक पशुबाट अर्को पशुमा तुरुन्तै सर्दछ । यस रोगको सर्ने अवधि १ देखि ७ दिनसम्म हुन्छ ।

### खोरेत रोगका मुख्य लक्षणहरु

- पशुलाई एक्कासी १०४देखि १०६ डिग्री ज्वरो आउने, पशु झोक्राउने, खुट्टामा घाउ भएको छ भने खोच्चाउने, हिड्डुल गर्न नसक्ने र साथै घाउमा झिंगाहरु घुमेको देखिने हुन्छ ।
- पशुले खाने कुरा नखाने, मुखमा घाउहरु देखिने, मुखबाट ¥याल काड्ने, ओठ गिंजाहरुमा खटिरा आउँने र यसरी घाउ बढ्दै गएमा खुट्टा, कलचौडो र थुन समेतमा पनि घाउहरु देखिने हुन्छ ।
- यदि रोगि पशु ब्याउने भएमा गर्भ पतन , तुहिन पनि सक्दछ । स-साना वाच्छा, बाच्छीमा रोगको प्रकोप बढेमा मर्न पनि सक्दछन् । यी लक्षणहरु हेरेर सजिलै खोरेत रोग पत्ता लगाउन सकिन्छ ।

### खोरेत रोगको उपचार

- माथीका लक्षणको आधारमा पशुमा बढी ज्वरो भएमा ज्वरो घटाउने औषधिहरु दिने, घाउहरु निको पार्न र अन्य जिवाणुहरुले आक्रमण नगरोस भनेर एन्टीबायोटिकको मात्रा मिलाई प्रयोग गर्नुपर्दछ । मुखको घाउ फिटकिरी तथा पोटास पानीले सफा गर्ने ,खुट्टा कल्चौडोको घाउ सफा गरी मलहम ( हिमेक्स, चारमिल आदि ) लगाउने र गोठ तथा खोरमा फिनाइल पानीले सफा गर्नु पर्दछ ।

### रोकथाम

- रोग नलागोस भनेर पशुहरुलाई पहिले नै खोरेत रोग विरुद्धको औषधिहरु लगाउनु पर्दछ ।
- रोग देखापरेमा तुरुन्त पशु चिकित्सक तथा प्राविधिकहरुको सल्लाह अनुसार उपचार गर्नु पर्दछ ।
- रोगी पशु र निरोगी पशु छुट्टा छुट्टै राख्न पर्दछ ।
- रोगी पशुले प्रयोग गरेको दाना पानीका भाडाकुडाहरु, निरोगी पशुसंग लसपस गर्नु हुँदैन ।


खेलकुद समाचार

## मछिन्द्र गोल्डकपको फाइनलमा



**मोरङ,** फागुन २३/वीरगञ्जको आर्दशनगर रङ्गशालामा शुक्रबार भएको खेलमा मछिन्द्र क्लबले सहलेश युवा क्लब, सिरहालाई ३-१ गोलअन्तरले हराएको हो । स्टेफन जेलीले खेलको १०औं मिनेटमा गोल गर्दै मछिन्द्र क्लबलाई अग्रता दिलाएका थिए । जेलीले नै खेलको १३औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै सहलेश युवा क्लबसँगको अग्रता दोब्बर बनाए । यस्तै मछिन्द्र क्लबका आदित्य शाक्यले खेलको ६५औं मिनेटमा तेस्रो गोल गरे । खेलको ९२औं मिनेटमा सहलेश युवा क्लबका तर्फबाट बेन ब्रहामिनले सान्त्वना गोल गरे । उक्त खेलमा मछिन्द्रका स्टेफन जेलीले म्यान अफ दी म्याद घोषित हुँदै रु १० हजार पुरस्कार प्राप्त गरे । मछिन्द्रले शनिबार हुने फाइनल खेलमा साविक विजेता नेपाल पुलिस क्लबसँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ । यही फागुन १७ गतेदेखि सुरु भएको वीरगञ्ज गोल्डकपको विजेताले रु ११ लाख ११ हजार एक सय ११ तथा उपविजेताले रु पाँच लाख ५५ हजार पाँच सय ५५, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई स्कुटर तथा उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही रु २० हजार पुरस्कार प्रदान गरिनेछ ।


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# भेप तस्करी गर्नेविरुद्ध मुद्दा दायर




**लुम्बिनी, फागुन २३/** राजस्व अनुसन्धान विभागअन्तर्गत राजस्व अनुसन्धान कार्यालय, बुटवलले इलेक्ट्रिक सिगरेट (भेप) को अवैध कारोबार गरी राजस्व चुहावट गरेको कसुरमा चार जनाविरूद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर भएको छ ।

राजस्व चुहावट गरेको कसुरमा राजस्व कार्यालय बुटवलले अनुसन्धान गरी काठमाडौंको डाइमण्ड इन्टरनेसनलका प्रोप्राइटर सुमन पराजुलीसमेत चार जनाविरुद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा गरिएको हो । उक्त काठमाडौंको डाइमण्ड इन्टरनेसनलको बिल प्रयोग गरेको देखाइ तशनिम जनरल स्टोर नेपालगञ्ज, बाँकेलाई बेचेको देखाइ एक सय वटाको बिल काटी दुई हजार छ सय भेप भेरी ढुवानी सेवाको साधन प्रयोग गरी नेपालगञ्ज पठाउने र त्यहाँबाट महँगोमा बेच्नका लागि भारततर्फ तस्करी हुने गरेको अनुसन्धानबाट खुलेको राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख विवेक घिमिरेले जानकारी दिए । मुद्दामा खरिद र बिक्रेता फर्महरूका तर्फबाट फर्मवालालाई मुख्य प्रतिवादी बनाइएको छ । उनीहरूलाई राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐनको दफा ४ को खण्ड (ख), (छ), (झ) बमोजिमको कसुर गरेकाले प्रतिवादीहरू सुमन पराजुली र तश्निम जनरल स्टोरका हसिमुन जोलाहलाई रू ६२ लाख ७१ हजार छ सय ७६ बिगो कायम गरी सोही ऐनको दफा २३ (१) बमोजिम मालबस्तु (बिगो) जफत हुन तथा बिगोबमोजिमको जनही ६२ लाख ७१ हजार छ सय ७६ जरिवाना र ऐनको दफा २३ (१) (क) बमोजिम हदैसम्मको कैद सजाय हुन मागदाबी लिइ उच्च अदालत तुल्सीपुर, बुटवल इजलासमा अभियोगपत्र दायर गरिएको कार्यालय प्रमुख घिमिरेले जानकारी दिए । उक्त मुद्दामा प्रतिवादीहरू डाइमण्ड इन्टरनेशनलकातर्फबाट तस्करीमा सघाउने रोजन न्यौपाने र तशनिम जनरल स्टोर नेपालगञ्ज, बाँकेका सनाउल्ला अन्सारीले उक्त मालवस्तुको ओसारपसारमा मुख्य कारोबारीको सहयोगी भएर फर्म तथा बिलहरूकोसमेत दुरूपयोग गर्दै राजस्व चुहावटको कसूरको मतियारको भूमिका निर्वाह गरेको देखिएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (३) बमोजिम मुख्य प्रतिवादीलाई हुने सजायको आधा सजाय र मुख्य प्रतिवादीलाई हुने जरिवानाको आधा जरिवानाले हुने जनही ३१ लख ३५ हजार आठ सय ३८ मागदाबी लिइ उक्त अभियोगपत्र दायर गरिएको प्रमुख घिमिरेले बताए । मुख्य प्रतिवादी बनाइएका पराजुली र जोलाहलाई पटकपटक पत्राचार गरी सम्पर्क गर्न खोज्दासमेत सम्पर्कमा नआएको र हालसम्म पनि फरार रहेको छन्भने कारोवारमा संलग्न मतियारहरू भने करिब ९० दिनदेखि हिरासतमा राखी अनुसन्धान गरिएको थियो । विगतदेखि भेप कारोबार, तस्करी र ओसारपसार बाक्लिएको र यसैको शृङ्खाका रूपमा राजस्व अनुसन्धान विभागबाट एक लाखभन्दा बढी भेप विभिन्न ठाउँबाट बरामद गरी कारबाही भइरहेको छ ।

-रासस

## पालपामा डढेला...

...चुरोट, विडी खाँदा समेत जथाभावी ठुटाहरु नफाल्न पनि उनले आग्रह गरे । भट्टराईले यदि कसैले जथाभावी रुपमा डढेलो लगाए वन ऐन अनुसार कारवाही हुने समेत बताए । जानी नजानी आगो लगाउनेहरुलाई कम्तीमा ६० हजार जरिवाना र ३ वर्षसम्म कैद सजाय हुने भएकाले कानुनको भागिदार नहुन सबैलाई उनले आग्रह गरे । डढेलोका घटनाहरु रोक्नका लागि जिल्लाका ७ सय १० वटै सामुदायिक वनमार्फत सचेतनाका कार्यक्रमहरु गर्दै आएको पनि डिभिजन प्रमुख भट्टराईले बताए ।

१० स्थानीय तहका ८१ वडामध्ये ३९ वटा वन डढेलोको उच्च जोखिममा रहेका छन् । जिल्लाका ९६ प्रतिशत वनमा डढेलो मानवीय कारणले लाग्ने गरेको छ । ६४ प्रतिशत जानेर र ३२ प्रतिशत हेलचेक्र्याँइका कारण लाग्ने गरेको पाइन्छ । २६ वडा मध्यम र १६ वडा न्यून जोखिममा रहेको कार्यालय प्रमुख भट्टराईले बताए । डढेलोबाट हुने वातावरणीय तथा जनधनको क्षति न्यूनीकरण गर्नका लागि अभियान सञ्चालन गरिएको उनको भनाई छ । यहाँ बस्तीनजिक रहेका जलनशील पदार्थ पातपतिङ्गर हटाउने, अग्निरेखा कोर्ने, घरनजिक राखिएका स्याउला हटाउने, जनचेतनामूलक सामग्री वितरण गर्ने र सुकेका पातपतिङ्गरको व्यवस्थान गर्नुपर्नेमा जोड दिइएको छ । गतवर्ष जिल्लाका विभिन्न स्थानमा डढेलो लाग्दा मानवीय क्षति समेत भएको थियो । चेतना जगाउँदै गर्दा पनि चुरे, महाभारत शिवालिक साथै राष्ट्रिय बनमा डढेलोले सताउने गरेको छ । चुरोटका ठुटा जथाभावी फाल्दा, वनभोज गएकाले आगो ननिभाई छाडिदिँदा डढेलो लाग्ने गरेको छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई